लुम्बिनी प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानुन मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

## सशस्त्र द्वन्द्वका घाइते उपचार खर्च कार्यक्रम, २०८२ सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मितिः २०८२।१२।०६

लुम्बिनी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको चालु आ.व. को वार्षिक स्वीकृत कार्यक्रम 'सशस्त्र द्वन्द्वका घाइते उपचार खर्च' कार्यक्रम अन्तर्गत स्वास्थ्य उपचार सुविधा लिन इच्छुक लुम्बिनी प्रदेशभित्रका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र तपसिलअनुसारका कागजातहरु संलग्न गरी कार्यालय समयभित्र स्वयं उपस्थित भई वा विद्युतीय माध्यमबाट (इमेल ठेगानाः internalaffairsp5@gmail.com) निवेदन दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

२. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ।

३. जिल्ला प्रशासन कार्यालयले दिएको सशस्त्र द्वन्द्वका क्रममा अपांग, घाइते वा अशक्त भएको भन्ने ब्यहोराको सिफारिस पत्र ।

४. स्वास्थ्य समस्या पहिचानसम्बन्धी अस्पताल वा चिकित्सकको सिफारिस (प्रेस्क्रिप्सन) भएमा सोको प्रतिलिपी ।

५. स्वास्थ्य समस्यासँग सम्बन्धित वा पहिचान खुल्ने अन्य कागजात भए त्यस्तो कागजात ।

थप जानकारीको लागि कम्प्युटर अपरेटर हिरालाल घर्तीमगर (मोबाइल नं. ९८४७८८२९५९)